# साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड

## प्रमुख कार्यकारी अधिकृतको नियुक्ति सम्बन्धी कार्यविधि, २०८२

साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड
केन्द्रीय कार्यालय, काठमाडौँ

# साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड
## प्रमुख कार्यकारी अधिकृतको
## नियुक्ति सम्बन्धी कार्यविधि, २०८२

**प्रस्तावना :**

बैंक वा वित्तीय संस्थाका सञ्चालक र कार्यकारी प्रमुखको नियुक्तिका लागि आवश्यक योग्यता तथा कार्य अनुभव सम्बन्धी विनियमावली, २०७४ र सोसँग सम्बन्धित विद्यमान पछिल्ला व्यवस्थाहरु बमोजिम यस वित्तीय संस्थाको प्रमुख कार्यकारी अधिकृतको नियुक्तिको लागि स्पष्ट कार्यविधिको व्यवस्था गर्न वाञ्छनीय देखिएकोले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा २९ र दफा १३३ को उपदफा (२) को खण्ड (च) र यस वित्तीय संस्थाको नियमावलीको नियम २० र नियम ३६ को उपनियम (९) ले दिएको अधिकार प्रयोग गरी सञ्चालक समितिबाट देहायको कार्यविधि स्वीकृत गरी लागु गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यो कार्यविधिको नाम "साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड, प्रमुख कार्यकारी अधिकृतको नियुक्ति सम्बन्धी कार्यविधि, २०८२ हुनेछ ।"

(२) यो कार्यविधि सञ्चालक समितिले स्वीकृति गरेको मितिदेखि लागु हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "ऐन" भन्नाले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ सम्झनु पर्छ ।

(ख) "वित्तीय संस्था" भन्नाले बैंक तथा वित्तीय संस्था सम्बन्धी कानुन अनुसार काम गर्ने गरी कम्पनी कानुन अन्तर्गत पब्लिक लिमिटेड कम्पनीमा दर्ता भै नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको वित्तीय कारोवार गर्न इजाजतपत्र प्राप्त साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. सम्झनु पर्छ ।

(ग) "प्रबन्धपत्र" भन्नाले वित्तीय संस्थाको प्रवन्धपत्र सम्झनु पर्छ ।

(घ) "नियमावली" भन्नाले वित्तीय संस्थाको नियमावली सम्झनु पर्छ ।

(ङ) "समिति" भन्नाले वित्तीय संस्थाको सञ्चालक समिति सम्झनु पर्छ ।

(च) "सञ्चालक" भन्नाले वित्तीय संस्थाको सञ्चालक समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले सञ्चालक समितिका अध्यक्ष समेतलाई बुझाउँछ ।

(छ) "प्रमुख कार्यकारी अधिकृत" भन्नाले वित्तीय संस्थाको प्रमुख कार्यकारी अधिकृत सम्झनु पर्छ ।

(ज) "उप-समिति" भन्नाले दफा ४ बमोजिमको छनौट/सिफारिस उपसमिति सम्झनु पर्छ ।

(झ) "कार्यविधि" भन्नाले साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेडको प्रमुख कार्यकारी अधिकृतको नियुक्ति सम्बन्धी कार्यविधि, २०८२ सम्झनु पर्छ ।

(ञ) "अनुसूची" भन्नाले कार्यविधिको अनुसूची सम्झनुपर्छ ।

(ट) तोके वा तोकिए बमोजिम भन्नाले यस कार्यविधिमा तोकिएका यसै कार्यविधि बमोजिम र यस कार्यविधिमा नतोकिएका कुरामा प्रचलित कानुनको अधिनमा रहि समितिले तोके बमोजिम सम्झनुपर्छ ।

३. **उद्देश्य :**

यस वित्तीय संस्थामा प्रमुख कार्यकारी अधिकृतको नियुक्तिका सम्बन्धमा आवश्यक व्यवस्था गर्नु कार्यविधिको मुख्य उद्देश्य रहेको छ ।

४. **छनौट/सिफारिस उपसमितिको व्यवस्था :**

(क) वित्तीय संस्थाको प्रमुख कार्यकारी अधिकृतको नियुक्ति, निजको पारिश्रमिक तथा सेवा सुविधा, शर्त र TOR सम्बन्धमा समिति समक्ष सिफारिस गर्ने देहायका व्यक्ति रहने गरी समितिले छनौट/सिफारिस उपसमिति गठन गर्नेछ ।

(क) सञ्चालक मध्येबाट सञ्चालक १ जना – संयोजक

(ख) सञ्चालक मध्येबाट सञ्चालक १ जना – सदस्य

(ग) सञ्चालक समितिले तोकेको विज्ञ १ जना – सदस्य

(ख) खण्ड (१) बमोजिमको उपसमितिमा आवश्यकतानुसार थप १ जना विशेषज्ञ/विज्ञलाई आमन्त्रित सदस्यको रुपमा उपसमितिले आमन्त्रण गर्न सक्नेछ । कम्पनी सचिव/अधिकृत कर्मचारीलाई सचिवको रुपमा कामकाज लगाउन सकिनेछ । कम्पनी सचिव/अधिकृतले बैठकमा सहयोग गरेवापत पाउने भत्ता/खर्च निजले सञ्चालक समितिको बैठकमा उपस्थित हुँदा पाउने भत्ता/खर्च सरह हुनेछ ।

(ग) उपसमितिका पदाधिकारीहरुको बैठक भत्ता तथा आमन्त्रित विज्ञ सदस्यको बैठक भत्ता समितिले पाउने बैठक भत्ता सरह हुनेछ ।

५. **उपसमितिको काम कर्तव्य र अधिकार :**

(क) प्रमुख कार्यकारी अधिकृत पदका लागि राष्ट्रिय स्तरको दैनिक पत्रिकामा कम्तिमा एक पटक २१ दिनको सूचना प्रकाशित गर्ने र सो सूचना संस्थाको Website मा समेत राख्ने ।

(ख) ३ जना भन्दा कम उम्मेदवारको आवेदन परेमा पुनः ७ दिनको सूचना प्रकाशन गर्ने र पुनः सूचनाबाट थप आवेदन प्राप्त नभएमा प्राप्त आवेदनहरुबाट नै प्रक्रिया अगाडी बढाउने ।

(ग) दरखास्त फाराम/व्यक्तिगत विवरण तथा अन्य आवश्यक विवरणको ढाँचा तथा मूल्याङ्कनका आधारहरु तयार गर्ने ।

(घ) प्राप्त विवरणहरु तोकिएको ढाँचामा भरि सो को तुलनात्मक अध्ययन एवम् मूल्याङ्कन गर्ने/गराउने, मूल्याङ्कनको आधार तथा नम्बरीङ्ग अनुसूची २, ३ र ४ मा उल्लेख भए बमोजिम गर्ने ।

(ङ) प्राप्त आवेदन मध्ये अनुसूची २ को सि. नं १ देखि ४ सम्मको आधारमा उच्चतम अंक प्राप्त गर्ने सामान्यतया ५ जना आवेदकहरुलाई प्रारम्भिक छनौट (Short Listing) गरी प्रस्तुतीकरण तथा अन्तर्वार्ताका लागि सहभागी गराउने ।

(च) आवेदकहरुको कार्यपत्र मूल्यांकन गर्ने/गराउने, कार्यपत्र प्रस्तुती गराउने, अन्तर्वार्ता लिने आदी ।

(छ) उपरोक्त बमोजिम मुल्याङ्कनको आधारमा उच्चतम अंक प्राप्त गर्ने बढीमा ३ जना योग्य आवेदकको नाम योग्यताक्रमको आधारमा नियुक्तिका लागि समिति समक्ष सिफारिस गर्ने ।

(ज) प्रमुख कार्यकारी अधिकृतको नियुक्ति, निजको पारिश्रमिक तथा सेवा सुविधा, शर्त र TOR समिति समक्ष सिफारिश गर्ने ।

(झ) प्रमुख कार्यकारी अधिकृतको कार्य सम्पादन मूल्यांकन विवरणको ढाँचा तयार गरी सञ्चालक समितिमा पेश गर्ने ।

(ञ) माथिका जिम्मेवारी पुरा गर्न आवश्यक पर्ने कार्यहरु गर्ने गराउने ।

६. **आवेदकले आवेदन साथ पेश गर्नुपर्ने कागजात तथा विवरणहरु :**

(क) शैक्षिक योग्यता, कार्य अनुभव, सम्पर्क ठेगाना (इमेल, टेलिफोन/मोबाइल नम्बर, घर वा कार्यालयको ठेगाना) सहितको आवेदकले दस्तखत गरेको विस्तृत वैयक्तिक विवरण (Bio-Data)।

(ख) पासपोर्ट साइजको फोटो दुई प्रति ।

(ग) आवेदक स्वयम्ले प्रमाणित गरेको नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्र (विदेशी विश्वविद्यालयबाट प्राप्त शैक्षिक प्रमाणपत्रको हकमा समकक्षताको प्रमाणपत्र समेत) र कार्य अनुभव पुष्ट्याई गर्ने कागजातको प्रतिलिपि।

(घ) नेपाली वा अंग्रेजी भाषामा करिव पाँच हजार शब्दमा ४ वर्षको व्यवसायिक योजना (Business Plan) दुई प्रति र सो को Soft copy।

(ङ) कुनै संस्थामा कार्यरत आवेदकको हकमा सम्बन्धित संस्थाको स्वीकृति अन्तर्वार्तामा उपस्थित हुँदा पेश गर्नुपर्ने ।

७. **निम्न लिखित व्यहोराको स्वयम् घोषणाको विवरण आवेदकले प्रमाणित गरी संलग्न गर्नु पर्नेछ :**

(क) आवेदकले पेश गरेका कागजात तथा विवरणहरु अन्यथा भएमा स्वयम् जिम्मेवार हुने,

(ख) कुनै राजनीतिक दलको सदस्य नभएको,

(ग) यस संस्थाको ठेक्कापट्टा वा कुनै चलअचल सम्पत्ति कारोबारमा आफै वा आफ्नो परिवारका कुनै सदस्य संलग्न नरहेको वा संस्थासंग निजी स्वार्थ नभएको,

(घ) आफ्नो नाममा व्यक्तिगत बेरुजू बाँकी नरहेको,

(ङ) भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण, मानव बेचविखन, लागु औषध कारोवार, पुरातात्विक वस्तु वा संरक्षित बन्यजन्तु सम्बन्धी कसूर वा नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहर नभएको, कुनै अपराधिक पृष्ठभूमि नभएको ।

(च) टाट नपल्टेको वा बेइमानी वा जालसाजी आरोपमा सजाय नभएको एवंम् दामासाहीमा नपरेको,

(छ) प्रचलित कानून बमोजिम कालोसूचीमा समावेश नभएको र भएको भए त्यस्तो सूचीबाट फुकुवा भएको अवधि तीन वर्ष पुरा भएको,

(ज) विदेशी मुलुकको स्थायी बसोबासको अनुमति प्राप्त नगरेको,

(झ) नियामक निकायबाट कार्यकारी प्रमुख हुन अयोग्य हुने भनी तोकिएको अवस्था नभएको ।

८. **न्यूनतम योग्यता, अनुभव तथा अयोग्यता :**

(क) चार्टर्ड एकाउन्टेन्सी वा व्यवस्थापन/बैकिङ्ग/वित्तीय/मौद्रिक/अर्थशास्त्र/वाणिज्यशास्त्र/लेखाशास्त्र/तथ्याङ्कशास्त्र/गणितशास्त्र/व्यापार प्रशासन/जनप्रशासन/ कानुन विषयमा स्नातक उपाधि हासिल गरी बैंकिङ्ग तथा वित्तीय क्षेत्र, सरकारी निकाय, संगठित संस्था, विश्वविद्यालय वा त्यस्तो कार्य गर्ने अन्तर्राष्ट्रिय संघ वा संस्थाको अधिकृत तह वा सो भन्दा माथिको पदमा कम्तीमा दश (१०) वर्षको कार्य अनुभव हासिल गरेको ।

(ख) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा २९ को उपदफा ५ (घ) बमोजिम अयोग्य नभएको ।

९. **प्रमुख कार्यकारी अधिकृतको कार्यकाल/समयावधि :**

प्रमुख कार्यकारी अधिकृतको कार्यकाल बढीमा ४ वर्षको हुनेछ । निजको प्रत्येक वर्ष कार्यसम्पादन मुल्यांकन हुनेछ । कार्यसम्पादन मुल्यांकन प्राप्तांक वार्षिक बजेटको न्यूनतम ८० प्रतिशत हुनु पर्नेछ । कार्यसम्पादन मूल्यांकन सन्तोषजनक नदेखिएमा निजलाई पदमुक्त गर्न सकिनेछ । सञ्चालक समितिलाई उपयुक्त लागेमा निज थप एक कार्यकालका लागि पुनः नियुक्त हुन सक्नेछ ।

१०. **नियुक्ति, पारिश्रमिक तथा सेवाका शर्त सुविधा :**

(१) उपसमितिबाट सिफारिस गरिएका मध्येबाट एकजनालाई समितिले नियुक्ति गर्नेछ ।

(२) उपसमितिले कर्मचारी सेवा सुविधा समितिसँग समन्वय गरी पारिश्रमिक तथा सुविधा समिति समक्ष सिफारिस गर्नेछ ।

(३) प्रमुख कार्यकारी अधिकृतको पारिश्रमिक तथा सेवाका शर्त सुविधा समितिको निर्णयानुसार निजसँग गरेको सम्झौता पत्रमा तोके बमोजिम हुनेछ ।

११. **शपथ ग्रहण :**

प्रमुख कार्यकारी अधिकृतले आफ्नो कार्यभार सम्हालनु अघि समितिका अध्यक्ष समक्ष शपथ ग्रहण गर्नुपर्नेछ ।

१२. **कार्यविधि संशोधन सम्बन्धी व्यवस्था :**

यो कार्यविधिमा संशोधन गर्नुपरेमा समितिले गर्न सक्नेछ ।

१३. **व्याख्या एवं वाधा अडकाउ फुकाउने अधिकार :**

यो कार्यविधिको कुनै दफा उपदफाहरुको व्याख्या गर्नुपरेमा वा यो कार्यविधिको कार्यान्वयनमा कुनै द्विविधा उत्पन्न भई बाधा अडकाउ गर्नु परेमा व्याख्या एवं बाधा अडकाउ फुकाउने अधिकार प्रचलित कानून र यस कार्यविधिको प्रतिकूल नहुने गरी समितिमा रहनेछ ।

१४. **<u>खारेजी तथा बचाउ</u>**

साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड प्रमुख कार्यकारी अधिकृतको नियुक्ति सम्बन्धी कार्यविधि २०७४ र सो को पहिलो संशोधन गर्न बनेको कार्यविधि, २०७८ खारेज गरिएको छ । साथै सो कार्यविधि बमोजिम भए गरेका कार्य यसै बमोजिम भए गरेको मानिनेछ ।

**सञ्चालक समितिबाट स्वीकृत मिति २०८२ भाद्र १३ गते**

# अनुसूची –१
## प्रमुख कार्यकारी अधिकृत पदको लागि व्यवसायिक योजनाको ढाँचा

कार्यकारी सारांश

परिचय

(क) संस्थाको संक्षिप्त परिचय, बैकिंग क्षेत्रको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिदृष्य र लघुवित्त क्षेत्रको अवस्था

(ख) लघुवित्त क्षेत्रको समग्र अवस्था र यस संस्थाको वर्तमान अवस्थाको तुलना

समस्या पहिचान

संस्थाको विद्यमान अवस्थामा देखिएका सबल पक्ष, दुर्वल पक्ष एवं अवसर र चुनौतीहरुको विश्लेषण (SWOT Analysis)

विश्लेषण

(क) पहिचान गरिएका क्षेत्रहरु र रणनैतिक सुधार गर्नुपर्ने क्षेत्रहरुको विश्लेषण

(ख) प्रक्षेपित वित्तीय विवरण, मुनाफा अभिबृद्धि, प्रतिस्पर्धात्मक क्षमता अभिबृद्धि, मानव संसाधन व्यवस्थापन, Digitization & Modernization, सम्पत्ति व्यवस्थापन, वित्तीय व्यवस्थापन, उत्पादकत्व अभिबृद्धि, प्रतिस्पर्धात्मक क्षमतामा अभिबृद्धि, संस्थागत सुशासन सुदृढीकरण, ग्राहक सम्बन्ध व्यवस्थापन, प्रशासकीय शिरोभार खर्च व्यवस्थापनका लागि विशेष व्यवस्था (Austerity Measures)

(ग) कर्जा तथा लगानी व्यवस्थापन

(घ) श्रोत व्यवस्थापन (Source/Low cost borrowing management/ grant management)

(ङ) एकीकृत जोखिम व्यवस्थापन

(च) गरीवी निवारण तथा साना किसानको सामाजिक उत्थानका लागि यस संस्थाले गर्नुपर्ने प्रमुख कार्यहरु

## अनुसूची –२

प्रमुख कार्यकारी अधिकृत पदको लागि आवेदकहरुको मुल्यांकन आधारहरु

| सि. नं | सुचक | अंकभार | | पूर्णाङ्क |
|---|---|---|---|---|
| १. | न्यूनतम शैक्षिक योग्यताः चार्टड एकाउन्टेन्सी वा व्यवस्थापन, बैकिङ्ग, वित्तीय, मौद्रिक, अर्थशास्त्र, वाणिज्यशास्त्र, लेखाशास्त्र, तथ्याङ्कशास्त्र, गणितशास्त्र, व्यापार प्रशासन, जनप्रशासन वा कानुन विषयमा स्नातक उपाधि | प्रथम श्रेणी | ५ | ५ |
| | | द्वितीय श्रेणी | ४ | |
| | | तृतीय श्रेणी | ३ | |
| २ | अतिरिक्त योग्यताः व्यवस्थापन, बैकिङ्ग, वित्तीय, मौद्रिक, अर्थशास्त्र, वाणिज्यशास्त्र, लेखाशास्त्र, तथ्याङ्कशास्त्र, गणितशास्त्र, व्यापार प्रशासन, जनप्रशासन वा कानुन विषयमा स्नातकोत्तर तथा विद्यावारीधि | विद्यावारीधि | ५ | ५ |
| | | स्नातकोत्तर | ४ | |
| ३ | बैंक वा वित्तीय संस्था वा नेपाल सरकारको लगानी रहेको संस्थामा कार्य गरेको अनुभव | २० वर्ष भन्दा माथि | १५ | १५ |
| | | १५ वर्षभन्दा माथि २० वर्षसम्म | १० | |
| | | १० वर्षभन्दा माथि १५ वर्षसम्म | ७ | |
| ४ | कार्यपत्र/व्यावसायिक योजनाको मूल्याङ्कन | | | ३० |
| ५ | कार्यपत्र/व्यावसायिक योजनाको प्रस्तुती | | | १५ |
| ६ | अन्तरवार्ता (अनुसूची-३ अनुसार) | | | ३० |
| | **जम्मा** | | | १०० |

## अनुसूची –३
## अन्तरवार्ता फाराम

उम्मेदवारको नाम:

| क्र. सं. | विवरण | पूर्णाङ्क | प्राप्ताङ्क |
|---|---|---|---|
| १. | व्यक्तित्व तथा आत्मविश्वास:<br>व्यक्तित्व<br>संचार क्षमता:<br>स्वभाव:<br>आत्मविश्वास | १० | |
| २. | **ज्ञान:**<br>समग्र बैंकिङ्ग<br>व्यवस्थापन<br>अन्य | १० | |
| ३. | **विश्लेषणात्मक क्षमता** | १० | |
| | **जम्मा** | ३० | |

नोट:–१) न्यूनतम ४०% र अधिकतम ७०% भन्दा बढी अंक दिनुपरेमा अनिवार्य रुपमा पुष्ट्याई उल्लेख गर्नुपर्नेछ ।
२) छनौट/सिफारिस उपसमितिका पदाधिकारीहरुले छुट्टाछुट्टै रुपमा यो फाराम आवेदक पिच्छे प्रयोग गरी सम्वन्धित उम्मेदवारलाई अंक प्रदान गरिनेछ । सबै पदाधिकारीले दिएको अंक गणना गरी औसत निकालिनेछ ।

अन्तरवार्ता लिनेको:–

दस्तखत: मिति:

नाम:

# अनुसूची –४

## छनौट/सिफारिस गर्ने मूल्याङ्कन फाराम

## (अनुसूची २  र ३ को कम्पाइल)

| सि. नं | आवेदकको नाम, थर र ठेगाना | शैक्षिक योग्यता | अनुभव | कार्यपत्र/ व्यवसायिक योजनाको मूल्यांकन | कार्यपत्र/ व्यवसायिक योजनाको प्रस्तुती | अन्तरवार्ता | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | अंक | १० | १५ | ३० | १५ | ३० | १०० | |
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |

<u>सिफारिस गरिएका व्यक्तिहरुको नामथर तथा ठेगानाः–</u>

१) श्री
२) श्री
३) श्री

<u>उपसमितिका पदाधिकारीहरुः–</u>
<u>नाम</u>

<u>पद</u>

<u>दस्तखत</u>